**बैठक संख्या : ०१**

आज मिति २०८१।०४।०४ गतेका दिन रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय : बिहान १२:३० बजे

स्थान : कार्यपालिका बैठक कक्ष

उपस्थिति

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिनादेवी गौतम | |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोतीप्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरीप्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरीकला बराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धीमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री लक्ष्मण पाण्डे | |

बैठक संचालन सहयोगी

ना.सु. श्री रामप्रसाद ज्ञवाली

प्र. स्वा. प्र. श्री इन्द्र बहादुर अधिकारी

के. प्र. श्री दिनेश ज्ञवाली

का. स. श्री पार्वती पाण्डे

**मिति २०८१ श्रावण ४ गतेको पहिलो कार्यपालिका बैठकका प्रस्तावहरु:**

१. कार्यसम्पादन करार संझौता सम्बन्धमा ।

२. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

३. निर्माणाधिन कोल्डस्टोरको म्याद थप सम्बन्धमा ।

४. स्रोत सुनिश्चित गरी बोलपत्र आव्हान गर्ने सम्बन्धमा ।

५. विभिन्न योजना तथा रकम अ.ल्या. सम्बन्धमा ।

६. बार्षिक समिक्षा सम्बन्धमा ।

७. लिफ्टिङ्ग खानेपानी अनुदानको कार्यान्वयन सम्बन्धमा ।

८. टोल विकास संस्था मार्फत योजनाहरुको कार्यान्वयन सम्बन्धमा ।

९. परिपत्रको जानकारी सम्बन्धमा ।

१०. जिल्ला दररेट सम्बन्धमा ।

CamScanner

## मिति २०८१/०४/०४ गतेको पहिलो गाउँकार्यपालिका बैठकका निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | गाउँ कार्यपालिकाको कार्यालयबाट प्रदान गरिने सेवाहरु तथा गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा कर्मचारीहरुलाई जवाफदेही र जिम्मेवारी गराउन गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बीच तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरुबीच कार्य सम्पादन करार संझौता गरी कर्मचारीहरुलाई कार्य सम्पादनका आधारमा प्रोत्साहन गर्ने । |
| २. | गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादनको आधारमा मिति २०८१ श्रावण १ गते देखी मिति २०८१ पौष मसान्तसम्मको लागि म्याद थप गर्ने । |
| ३. | वडा नं. १ मा निर्माणाधिन कोल्डस्टोरको म्याद थपको लागि निर्माण व्यवसायी मैनाचुली-अन्जना-श्रेष्ठ जे.भी., तम्घास, गुल्मीले निर्माणको क्रममा साइटमा कामको विषयमा विवाद भई काम रोकिएको, सो सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत उजुरी परी काम बन्द भएको, स्थानीय, प्रदेश र संघीय चुनाब , बर्षा, बिल भुक्तानीमा ढिलाई लगायतका कारण राखी म्याद थपको लागि निबेदन पेश भएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम मिति २०८१ श्रावण १७ गते देखी माघ १६ गतेसम्म ६ महिना म्याद थप गर्ने । |
| ४. | चालु आ.व. २०८१/०८२ का देहायका योजना तथा कार्यक्रमहरुमा विनियोजित बजेटमा स्रोत सुनिश्चितता गरी कुल बजेटको टेण्डर आव्हान गर्ने ।<br>देहाय: |

| क्र.सं. | बजेटको स्रोत | योजना तथा कार्यक्रमको नाम | विनियोजित बजेट | स्रोत सुनिश्चितता गरिएको रकम | कुल बजेट |
|---|---|---|---|---|---|
| १. | संघीय शसर्त | श्रृङ्गेश्वर तपोभूमिमा एकिकृत पर्यटकीय पूर्वाधार निर्माण, रुरुक्षेत्र गा.पा., गुल्मी | ४५ लाख | २५ लाख | ७० लाख |
| २. | संघीय शसर्त | ऐतिहासिक धार्मिक क्षेत्र रुरुक्षेत्र पूर्वाधार निर्माण, रुरुक्षेत्र गा.पा. १, गुल्मी | ६८ लाख | २२ लाख | ९० लाख |
| ३. | संघीय शसर्त | गुल्मी जिल्ला रुरुक्षेत्र गा.पा. ५ बासुले पोखरी तिलिहार गैरा सडक स्तरोन्नती | ६० लाख | २० लाख | ८० लाख |
| ४. | संघीय शसर्त | गुल्मी जिल्ला रुरुक्षेत्र धोविघाट काउले खिवा सडक स्तरोन्नती | २० लाख | १० लाख | ३० लाख |
| ५. | संघीय शसर्त | गुल्मी जिल्ला रुरुक्षेत्र | ५० लाख | २५ लाख | ७५ लाख |

| निर्णय नं. | निर्णयहरु | | | | |
|---|---|---|---|---|---|
| | | गा.पा. ५ धोविघाट ट्रिहाउस पैदल मार्ग निर्माण | | | |
| ६. | संघीय शसर्त | गुल्मी जिल्ला रुरुक्षेत्र गाउँपालिका वडा नं. ४, ५, ६ रानीबास काउले रिमुवा जोड्ने सडक स्तरोन्नती | ५० लाख | २५ लाख | ७५ लाख |
| ७. | संघीय शसर्त | गुल्मी जिल्ला रुरुक्षेत्र ३ स्वामीका रुख रातामाटा सडक स्तरोन्नती | ५० लाख | २० लाख | ७० लाख |
| ८. | संघीय शसर्त | गुल्मी जिल्ला रुरुक्षेत्र गा.पा. ४ बलेटक्सार ज्वा मा.वि. पहुँचमार्ग सडक स्तरोन्नती | ६० लाख | २० लाख | ८० लाख |
| ९. | सशर्त अनुदान (प्रदेश सरकार) | अधुरो ठाडाबाटा कृषि सडक स्तरोंन्नती, रुरुक्षेत्र-१, गुल्मी | १० लाख | १० लाख | २० लाख |
| १०. | संघिय शसर्त र गा.पा. स्वास्थ्य चालु | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद- ९ लाख ८७ हजार<br>औषधी खरिद १० लाख | १९ लाख ८७ हजार | ५० लाख १३ हजार | ७० लाख |
| ११. | सशर्त अनुदान (प्रदेश सरकार) | ऐतिहासिक शिवालय मन्दिर पुननिर्माण तथा संरक्षण, रुरुक्षेत्र ४, मुसिडाँडा, गुल्मी | १० लाख | ५ लाख | १५ लाख |

क) स्वास्थ्य तर्फको औषधि खरिदको लागि गत आ.व.को दररेटलाई आधार मानी टेण्डर आव्हान गर्ने ।

(ख) रुरुक्षेत्र बृहत खानेपानी योजनाको लागि विनियोजित बजेट रु. ९० लाख मध्ये निर्माण संझौतामा बाकी रहने बजेट रु. २५ लाखमा रु. १० लाख स्रोत सुनिश्चितता गरी रु. ३५ लाखको टेण्डर आव्हान गर्ने ।

(ग) डोजर खरिदको लागि क्याटलक सपिङ्ग विधिबाट खरिद प्रक्रिया अगाडी बढाउने ।

(घ) गाउँपालिकाबाट बोलपत्र आव्हान गर्ने सम्पुर्ण योजनाहरुको बोलपत्रको सूचना २०८१ भाद्र मसान्त भित्र सम्पन्न गर्ने ।

CS CamScanner

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| ५. | गत आ.व. २०८०/०८१ मा संचालनमा रहेका देहायका योजना तथा कार्यक्रमको रकम अ.ल्या. गरी बजेट कायम गर्ने ।<br>देहाय:<br>१. चौतारा नेटा लोक्मा देउराली सडक स्तरोन्नती (फेज २) - रु. ३६ लाख ९५ हजार ४ सय ५४<br>२. श्रृङ्गेश्वर तपोभूमि पूर्वाधार निर्माण ४३ लाख ५३ हजार ९ सय ६२<br>३. कोल्डस्टोर निर्माण, रुरुक्षेत्र-१ - ३२ लाख ९२ हजार ५ सय ८९<br>४. बम्घा कभर्डहल निर्माण- ३५ लाख २० हजार ७ सय २३<br>५. बलेटक्सार वडा कार्यालय मो.बा.वडा नं. ४ स्तरोन्नती- रु. ३ लाख ९८ हजार ५ सय ६०<br>६. होमस्टे व्यवस्थापन रु. ३५ हजार |
| ६. | गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका निकायहरुबाट आ.व. २०८०/०८१ मा सम्पादन भएका विभिन्न क्रियाकलापहरुको बार्षिक समिक्षा मिति २०८१ श्रावण ११ गते शुक्रबार दिनको ११:०० बजे गाउँपालिकाको सभाहलमा गर्ने । |
| ७. | चालु आ.व. मा लिफ्टिङ्ग खानेपानी अनुदान शिर्षकमा विनियोजित बजेट कार्यान्वयनको लागि मापदण्ड तयार गर्न देहाय अनुसारको समिति गठन गर्ने । उक्त समितिले २०८१ श्रावण मसान्त भित्र मापदण्ड तयार गरी पेश गर्ने ।<br>**देहाय:**<br>संयोजक- श्री शेषनारायण पौडेल (संयोजक, सामाजिक विकास समिति)<br>सदस्य- श्री मोति प्रसाद श्रेष्ठ (संयोजक, पूर्वाधार विकास समिति)<br>सदस्य- श्री हरि प्रसाद ज्ञवाली (प्रवक्ता)<br>सदस्य- श्री राम प्रसाद ज्ञवाली (प्रशासन शाखा)<br>सदस्य-सचिव श्री दामोदर ज्ञवाली (आर्थिक तथा सामाजिक विकास शाखा) |
| ८. | चालु आ.व. का स्वीकृत योजना तथा कार्यक्रमहरु नियमानुसारको प्रक्रिया पुरा गरी टोल विकास संस्था मार्फत संझौता गरी कार्यान्वयन गर्ने । |
| ९. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत अन्य निकायबाट प्राप्त पत्रको विषयमा जानकारी भई छलफल भयो प्राप्त निर्देशन अनुसार कार्य गर्ने गराउने । |
| १०. | जिल्ला प्रशासन कार्यालय, गुल्मीबाट आ.व. २०८१/०८२ को ज्यामी, ज्याला, ढुवानी तथा निर्माण सामाग्रीहरुको स्वीकृत जिल्ला दररेट प्राप्त भएकोले सो दररेट अनुसार गाउँपालिकाले निर्माण कार्य गर्ने । |

CamScanner